# वन उपभोक्ता समूहः उद्यम विकास र जीविकोपार्जनतिर

■ लिलाराज पौड्याल, सुशान्त आचार्य

नेपालमा सामुदायिक वन (सा.व.) विकास कार्यक्रम सुरु भएको करिब तीन दशक भैसकेको छ । सा.व. कार्यक्रमको मुख्य उद्देश्य पारिस्थितिकीय प्रणालीलाई सन्तुलनमा राख्नु, वन पैदावारको उत्पादनमा वृद्धि गर्नु, वन पैदावारको आपूर्तिलाई निरन्तरता दिनु तथा आय आर्जन र रोजगारीका अवसरहरूको सृजना गरी जीविकोपार्जनमा टेवा पुऱ्याउनु हो । यसैसँग जोडेर सा.व. विकासमा भएको हालसम्मको प्रगतिलाई हेर्ने हो भने नेपाल अधिराज्य भित्रका १३,००० भन्दा बढी वन उपभोक्ता समूहहरूले वन सम्पदाको दिगो व्यवस्थापन र सदुपयोगका लागी १०,००,००० हे. भन्दा बढी वन क्षेत्र सम्हाल्ने जिम्मेवारी औपचारिक रुपले लिइ सकेका छन् । तर धेरै कम उपभोक्ता समूह मात्र उपर्युक्त उद्देश्यहरू पूरा गर्न अग्रसर देखिएका छन् । यिनै कम सा. व. हरूको सूचीमा घोर्लास सा.व. पनि परेको छ ।

घोर्लास सा.व. म्याग्दी जिल्ला घतान रेञ्जपोष्ट अर्न्तगत घतान गा.वि.स. वडा नं. ३ तोरीपानीमा पर्दछ । हाल यस सा.व.मा जम्मा १३० घरधुरी उपभोक्ताहरू सदस्य रहेका छन् । अधिकांश उपभोक्ताहरू खेतीपाती गर्दछन् । वन संरक्षणको पृष्ठभूमि हेर्दा वि. सं. १९७२ सालदेखि अमाली, मुखिया, जिम्मुवाल, तालुकदारहरूबाट संरक्षित घोर्लासको वन वि.सं. २०१९ पछि तत्कालीन निर्वाचित प्रधानपञ्च र वडा अध्यक्षहरूको संरक्षणमा आएको थियो । वि.सं. २०४० सालमा स्रोत संरक्षण तथा उपयोग आयोजना (आर.सि.यू.पि.) ले वन संरक्षण समिति गठन गरी संरक्षणको काम थाले यता वि.सं. २०५० सालमा वन ऐन २०४९ अनुसार जिल्ला वन कार्यालय म्याग्दीबाट सा.व.को रुपमा हस्तान्तरण भएको थियो ।

यो सा.व. जैविक विविधताको दृष्टिकोणले धनी छ । यो वन समुद्री सतहबाट करिब १५०० मि.देखि २२०० मि. सम्मको उत्तरी मोहोडाको २७.६४ हे. क्षेत्रफलमा फैलिएको छ । यस सा.व. मा सल्ला, ओखर, चिलाउने, उत्तिस, गुराँस, सिर्मु, कटुस, मौवा, पैयूं आदि प्रजातिका रुखहरू मिसिएर रहेका छन् । जडीबुटीतर्फ यस सा.व. मा अमला, टिमुर, बोझो, सतुवा, हर्रो, चुल्ठे अमिलो, पाखनवेद, सिन्काउली रहेका छन् । यसैगरी चराचुरुङ्गी तथा वन्यजन्तु तर्फ कालिज, च्याखुरा, तित्रा, भ्याकुर, कोइली, सुगा जातका चरा र चितुवा, मृग, दुम्सी, स्याल, घोरल, थार, वन विरालो लगायत अन्य केही नाम नचिनिएका चरा तथा जनावरहरू समेत रहेका छन् । सा.व. वनेपछि यिनीहरूको संख्यामा समेत उल्लेखनीय वृद्धि भएको छ ।

### लघुउद्यम विकास

घोर्लास सा.व. ले स्थानीय सीप र स्रोतको प्रयोग गरी थोरै पुँजी लगानी गरेर लघुउद्यम विकास तर्फ पाइला चाल्दैछ । घोर्लासले आफ्नो संस्थागत पक्ष तथा दिगो वन व्यवस्थापन पक्षलाई सवल वनाएको छ । अहिले आएर समूहले लघुउद्यम विकासका लागि उस्तै किसिमका सीप भएका उपभोक्ताहरूको समूह गठन गरी अन्य सङ्घ संस्थासँग साझेदारीमा काम गर्दै आएका छन् । यसबाट कमजोर आर्थिक स्थिति भएका परिवारलाई रोजगारी तथा आयआर्जनको अवसर मिल्ने तथा समूहको कोषको रकम पनि गरिब तथा विपन्न परिवारको आर्थिक हैसियत उठाउने कार्यमा परिचालन हुने कुरा समूहका सदस्यहरू बताउँछन् । यस्ता कार्यक्रमका लागि समूहले कमजोर

आर्थिक अवस्था भएका (ग र घ वर्गमा छुट्याइएका) उपभोक्ताका लागी एक वर्षको समयावधि र वार्षिक १० प्रतिशतको व्याजदर तोकेको छ । समूहले थालेका लघुउद्यम तथा गरिबी निवारणका कार्यक्रमहरू निम्नानुसार छन् :-

**क) हलोजूवा उद्यम**

यस सा.व. मा हलोजूवा उद्यम सफल देखिएको छ । कृषिका लागि आवश्यक पर्ने हलो, जूवा लगायतका कृषि सामाग्रीहरू अन्यत्रबाट खोजी वर्षा यामका लागि जोगाड गर्नु पर्दा सबै उपभोक्ताहरूले अप्ठ्यारो महसुस गरेका थिए । यसै सन्दर्भमा जीविकोपार्जका लागि वन कार्यक्रमले सहजीकरण गरेपछि समूहले स्थानीय सीप भएका चार जनाको हलो जूवा समूह बनाई जनही रु ३६००/- का दरले जिल्ला वन कार्यालय सँगको साझेदारीमा समूहको कोषबाट लगानी गरी दियो । उपभोक्ताले हलो जूवाको उद्यम २०५९ माघ १५ देखि सुरुगरेयता वैशाख ९ गते सम्ममा ८० वटा हलो वनाई विक्रि गरिसकेका छन् ।

समूहले उद्यमीलाई चाहिने काठको व्यवस्था गरी दिएको छ । हलोजूवा बनाउने प्रयोजनका लागि सा.व. भित्र रहेका बुढा, बाङ्गा तथा अन्य काममा आउने अत्यन्त कम संभावना भएका रुखहरूलाई प्रयोगमा ल्याइएको छ । उपभोक्ता समूहले आफ्नो सा.व. भित्रवाट तथा अन्य सा.व. बाट समेत गरी ४०० घन फिट काठ प्रति वर्ष हलोजूवा समूहलाई रु १८ प्रति घन फिटका दरले उपलब्ध गराउने लक्ष्य लिएको छ । यसका लागि समूहले तुसारेपानी सा.व. संग २०० क्यू. फिट काठकालागि बन्दोवस्त गरिसकेको छ । यसभन्दा बढी काठको आवश्यकता भएमा उद्यमीले निजी स्रोतवाट किन्नु पर्नेछ । उपभोक्ता समूहले समूह भित्रका उपभोक्ताका लागि ती कृषि सामाग्रीहरूको मूल्य निर्धारण समेत गरेको छ (तालिका १ हेर्नुहोस्) ।

**तालिका १ समूहले निर्धारण गरेको कृषि सामाग्रीको मूल्य सूचि**

| क्र.संख्या | कृषि सामाग्री | मूल्य रु-(प्रतिगोटा) |
|---|---|---|
| १. | हलो | २०० |
| २. | जूवा | १०० |
| ३. | डांडा/हरिस | २०० |
| ४. | अनौं | १० |
| ५. | मोही/दाँदे | १५० |
| ६. | लिंङ्को | ८० |

हलोजूवाले उद्यमीलाई रोजगारी र आम्दानी दुवै दिएको छ । उद्यमीहरूले वनाएको हलो रु २०० प्रतिगोटाका दरले घरगाउँमा नै बिक्रि हुने गरेको छ । एउटा परिवारलाई वार्षिक सरदर २-३ वटा हलोको आवश्यकता पर्दछ । उद्यमीका अनुसार एउटा हलो वनाउन पुरा एक दिन लाग्छ तथा १० घन फिट काठबाट १५ वटा हलो बनाउन सकिन्छ । यसरी हेर्दा एउटा हलो बनाउने काठको मूल्य जम्मा रु १२ पर्न आउँछ । तसर्थ उद्यमीलाई एउटा हलो बनाउँदाको पारिश्रमिक रु १८८/- पर्न आउँछ । यसका अतिरिक्त हलो जडान गर्ने तथा मर्मत गर्ने काम समेत उनीहरूले पाउँछन् । फुर्सदको समय उपयोग गरी घरको पिंढीमा बसेर गरेको कामवाट आएको पैसाले उनीहरूको दैनिक जीवनमा सरलता ल्याएको छ । अर्कोतर्फ उपभोक्ताहरू समेत आफूले खोजेको समयमा र सुपथ मूल्यमा उक्त सामाग्रीहरू पाइने हुनाले खुसी देखिन्छन् । आफूहरूलाई बढी भएका सामाग्रीहरू अन्यत्रका समूहमा विक्रि वितरण गर्ने सोंचाई उपभोक्ता समूहले लिएको छ ।

### ख) तान धागो उद्यम

हलो जुवा जस्तै तान धागो उद्यम समूहको अर्को सफल लघुउद्यम हो । तान धागोको परम्परागत सीप भएका महिलाहरूलाई समेटेर पाँच जनाको तान धागो समूह गठन गरिएको छ । यस समूहलाई प्रति सदस्य रु २५००/- का दरले जीविकोपार्जनका लागि वन कार्यक्रमसँगको साझेदारीमा लगानी गरिएको छ । यस समूहका सदस्यले आफ्नो खाली समय स्थानीय भेँडाको ऊन तथा बजारको ऊन मिसाएर गलैंचा, झोला, पाखी र टोपी बनाउने गर्दछन् । तान धागो उद्यम पनि हलो जूवा उद्यमसँगै सुरु भएको हो । यो समूहले उत्पादन गरेका सामानहरू पनि गाउँघर तथा व्यक्तिगत सम्पर्कबाट पोखरा, काठमाडौंसम्म पनि बिक्री वितरण गरिएका छन् । यो समूहको उत्पादनलाई स्थानीय स्तर र वाह्य उपभोक्ताहरूबाट पनि मागहरू प्राप्त हुने गरेको छ ।

### ग) तरकारी वीउ उत्पादन समूह

उपभोक्ता समूहले आर्थिक अवस्था ख, ग र घ वर्गका उपभोक्ताहरूलाई समेटेर ८ जनाको तरकारी वीउ उत्पादन समूह गठन गरेको छ तर क वर्गलाई समेटिएको छैन । यी व्यक्तिहरूलाई उपभोक्ता समूहले रु २५००/- का दरले रकम उपलब्ध गराएको छ । तरकारी समूह तथा अन्य उपभोक्ताहरूले विभिन्न जातका हिउँदे तथा वर्षे तरकारीका वीउ तथा मनकामना १ जातको मकैको वीउ उत्पादन गरी जिल्ला भित्रै तथा बाग्लुङ, पोखरा, नारायणगढ लगायतका ठाउँहरूमा बिक्री गर्दछन् । गत वर्ष समूहका किसानहरूले तरकारी बीउबाट झण्डै रु १०,००,०००/- तथा मनकामना १ जातको मकैको वीउवाट रु ६०,०००/- आम्दानी गरेका छन् ।

### समूहले गरेका जीविकोपार्जनमा सहयोग पुग्ने अन्य क्रियाकलापहरू

यस वन उपभोक्ता समूहले माथि उल्लेखित लघुउद्यमका अतिरिक्त जीविकोपार्जनमा सहयोग पुग्ने विभिन्न कार्यक्रमहरू आर्थिक वर्ष २०५५/५६ देखि नै सुरु गरेको छ । समूहगत रुपमा सञ्चालन गरिएका र प्रस्तावित मुख्य कार्यक्रमहरूलाई तल तालिका २ मा दिइएको छ ।

**तालिका नं २ : सा.व.उ.स. ले हालसम्म विभिन्न योजनामा गरेको लगानी रकम रु हजारमा**

| सि.नं. | कार्यक्रम विवरण | ०५५।५६ | | ०५६।५७ | | ०५७।५८ | | ०५८।५९ | | ०५९।६० | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जना | रकम | जना | रकम | जना | रकम | जना | रकम | जना | रकम |
| १ | तरकारी खेती | ५ | १० | ४ | ८ | ५ | १० | ४ | ८ | ५ | १० |
| २ | वाखापालन | ४ | ८ | ५ | १० | ५ | १० | ६ | १२ | ७ | १० |
| ३ | कुखुरापालन | २ | २ | ३ | ३ | ४ | ८ | ५ | १० | ५ | ४ |
| ४ | खुद्रा पसल | | | २ | ६ | ३ | ८ | ३ | ८ | ३ | १० |
| ५ | तान धागो | | | २ | ४ | ३ | ६ | ४ | ८ | ५ | ८ |
| ६ | भैंसी पालन | | | २ | ४ | ३ | ६ | ४ | ८ | ३ | १६ |
| ७ | हलोजूवा | | | | | | | | | ४ | १२ |
| ८ | तरकारी वीउ उत्पादन | | | | | | | | | ३ | १० |
| ९ | च्याउखेती (प्रस्तावित) | | | | | | | | | १० | १६ |
| १० | नाम्लो दाम्लो (प्रस्तावित) | | | | | | | | | ३ | ५ |
| | जम्मा | ११ | २० | १८ | ३५ | २३ | ४८ | २७ | ५४ | ४८ | १०१ |